## उद्देश्य र कारण

प्रदेश सभा सचिवालयको आर्थिक र प्रशासनिक काम कारबाहीलाई अझ बढी प्रभावकारी बनाउन प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकारमा परिमार्जन गर्न आवश्यक भएको, अन्य छ प्रदेशमा प्रदेश सभाको सचिव पद प्रदेश सरकारको प्रमुख सचिव सरह हुने गरी व्यवस्था रहेको हुँदा यस प्रदेशमा समेत सोही अनुरुप हुने गरी मिलाउनु पर्ने भएको, सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मात्र पाउने र दोहोरो रुपमा सुविधा लिन नपाउने गरी व्यवस्था समेट्न आवश्यक भएकोले प्रस्तुत सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सुदूरपश्चिम प्रदेश सभामा पेस गर्नु परेको हो ।

## आर्थिक टिप्पणी

सुदूरपश्चिम  प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ हाल कार्यान्वयनमा रहेको र प्रस्तुत संशोधन विधेयकमा प्रदेश सभाको सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता र पोषाक सुविधा उपलब्ध गराउदा केही थप आर्थिक दायित्व प्रदेश सरकारलाई पर्ने देखिन्छ । त्यस्तै, सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिकमध्ये एक मात्र सुविधा लिन पाउने र दोहोरो रुपमा सुविधा लिन नपाउने व्यवस्था प्रस्तुत विधेयकमा गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

प्रदेश सभाको काम, कारवाही सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ जारी भएकोमा प्रदेश सभा सचिवालयको आर्थिक र प्रशासनिक काम कारबाहीलाई अझ बढी प्रभावकारी बनाउन प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकारमा परिमार्जन गर्न आवश्यक भएको, अन्य छ प्रदेशमा प्रदेश सभाको सचिव पद प्रदेश सरकारको प्रमुख सचिव सरह हुने गरी व्यवस्था रहेको हुँदा यस प्रदेशमा समेत सोही अनुरुप हुने गरी मिलाउनु पर्ने भएको, सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मात्र पाउने र दोहोरो रुपमा सुविधा लिन नपाउने गरी व्यवस्था गर्न मस्यौदा गरिएको प्रस्तुत सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सुदूरपश्चिम प्रदेश सरकार मन्त्रिपरिषद्बाट सुदूरपश्चिम प्रदेश सभामा पेस गर्न मिति २०८१।१२।२१ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेस गरिएको छ ।

## व्याख्यात्मक टिप्पणी

| क्र. सं. | विधेयकको दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १ | ७ को उपदफा (१) | प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकार | प्रचलित कानुनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार प्रदेश सभा सञ्चालन सम्बन्धी कार्य गर्ने, प्रदेश सभा सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने, प्रदेश सभाका कर्मचारीको प्रचलित कानुन बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समितिसमक्ष पेस गर्ने, गराउने, सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने, गराउने, प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने, सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्य लगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गर्ने, गराउने,<br>सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने, गराउने, सचिवालय र अन्य निकायबिच समन्वय कायम गर्ने, गराउने, प्रदेश सभा र सचिवालयको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने, गराउने, प्रदेश सभा र प्रदेश सभाका समितिको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने, गैर सरकारी विधेयक सम्बन्धमा अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने, तोकिए बमोजिमका अन्य कार्य गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । |
| २ | ११ को उपदफा (१) | **पारिश्रमिक** | सचिवको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारको सचिवले पाए सरह हुने व्यवस्थालाई संशोधन गरी प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह हुनेछ गरी प्रस्ताव गरिएको । अन्य छ प्रदेशमा प्रदेश सभाको सचिव पद विशिष्ट श्रेणीको हुने गरी व्यवस्था रहेको र कार्यपालिका र व्यवस्थापिका दुवैमा समान तहको कर्मचारी प्रमुख हुने गरी व्यवस्था गर्न उपयुक्त हुने भएको हुँदा यस प्रदेशमा समेत सोही अनुरुप हुने गरी प्रस्ताव गरिएको । |
| | | **एउटा सुविधा मात्र पाउने** | सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एक मात्र पाउने र दोहोरो रुपमा सुविधा लिन नपाउने गरी व्यवस्था गर्न प्रस्ताव गरिएको ।<br>यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,<br>नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोषलाई सम्झनु पर्ने व्यवस्था प्रस्ताव गरिएको । |
| ३ | १४ | **दैनिक तथा भ्रमण भत्ता** | प्रदेश सभा र सचिवालयको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता |

| | | | |
|---|---|---|---|
| | | | उपलब्ध गराइने व्यवस्था प्रस्ताव गरिएको । |
| ४ | १५ | **पोसाक सुविधाः** सचिवलाई प्रदेश सरकारले प्रत्येक वर्ष प्रमुख सचिवले पाए सरहको रकम पोसाक भत्ता बापत उपलब्ध गराउनेछ। | सचिवलाई प्रदेश सरकारले प्रत्येक वर्ष प्रमुख सचिवले पाए सरहको रकम पोसाक भत्ता बापत उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको । |
| ५ | अनुसूची-१ | अनुसूची -१ | शपथको ढाँचा शपथ सम्बन्धी ऐन, २०७९ बमोजिम परिमार्जन गर्न प्रस्ताव गरिएको। |

**सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको**

**<u>तीन महले फाराम</u>**

| क्र.सं. | दफा | ऐनमा भएको साबिक व्यवस्था/प्रावधान | संशोधन हुनुपर्ने व्यवस्था/प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | ७ को उपदफा (१) | (१) प्रचलित कानुनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) प्रदेश सभा सञ्चालन सम्बन्धी कार्य गर्ने,<br>(ख) प्रदेश सभा सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,<br>(ग) प्रदेश सभाका कर्मचारीको प्रचलित कानुन बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,<br>(घ) प्रदेश सभा र सचिवालयको बार्षिक बजेट तयार गरी समिति समक्ष पेस गराउने,<br>(ङ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गराउने,<br>(च) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गराउने,<br>(छ) सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्य लगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गराउने,<br>(ज) सचिवालयको भौतिक निर्माण, सुधार | ७. **<u>प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रचलित कानुनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) प्रदेश सभा सञ्चालन सम्बन्धी कार्य गर्ने,<br>(ख) प्रदेश सभा सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,<br>(ग) प्रदेश सभाका कर्मचारीको प्रचलित कानुन बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,<br>(घ) प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समितिसमक्ष पेस गर्ने, गराउने,<br>(ङ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने, गराउने,<br>(च) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,<br>(छ) सचिवालयमा कार्यरत कर्मचारीको क्षमता | प्रदेश सभा सचिवालयको आर्थिक र प्रशासनिक काम कारबाहीलाई अझ बढी प्रभावकारी बनाउन। |

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धी कार्य गराउने,<br>(झ) सचिवालय र अन्य निकाय बीच समन्वय कायम गराउने,<br>(ञ) प्रदेश सभा र सचिवालयको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने, गराउने,<br>(ट) प्रदेश सभा र प्रदेश सभाका समितिको काम कारबाही सुचारु रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने।<br>(ठ) गैर सरकारी विधेयक सम्बन्धमा अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,<br>(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने। | अभिवृद्धि सम्बन्धी आवश्यक कार्य लगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गर्ने, गराउने,<br>(ज) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने, गराउने,<br>(झ) सचिवालय र अन्य निकायबिच समन्वय कायम गर्ने, गराउने,<br>(ञ) प्रदेश सभा र सचिवालयको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने, गराउने,<br>(ट) प्रदेश सभा र प्रदेश सभाका समितिको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने,<br>(ठ) गैर सरकारी विधेयक सम्बन्धमा अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,<br>(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने। | |
| २ | ११ को उपदफा (१) | (१) सचिवको पारिश्रमिक प्रदेश सरकारको सचिवले पाए सरह हुनेछ।<br>(२) उपदफा (१) बमोजिम पारिश्रमिक पाउने सचिवको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसँगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवित नरहेमा त्यस्तो पारिश्रमिक निजसँगै बस्ने निजको | **११. पारिश्रमिकः** (१) सचिवको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह हुनेछ। | सचिव पद विशिष्ट श्रेणीको हुने भएकोले सोही अनुरूप मिलाउनु पर्ने भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | छोरा छोरीलाई दिइनेछ। | | |
| | | - | "११क. **<u>एउटा सुविधा मात्र पाउनेः</u>** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ ।<br>**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-<br>(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,<br>(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,<br>(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,<br>(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।" | सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मात्र पाउने र दोहोरो रुपमा सुविधा लिन नपाउने गरी व्यवस्था गर्न |

| | | | | |
|---|---|---|---|---|
| ३ | १४ | <u>दैनिक तथा भ्रमण भत्ता</u>ः प्रदेश सभाको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा सचिनलाई प्रदेश सरकारको सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ। | **१४. <u>दैनिक तथा भ्रमण भत्ता</u>ः** प्रदेश सभा र सचिवालयको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ। | विशिष्ट श्रेणीको सचिवलाई प्राप्त हुने सुविधा अनुरूप मिलाउनु पर्ने भएको। |
| ४ | १५ | <u>पोशाक सुविधा</u>ः सचिवलाई प्रत्येक वर्ष प्रदेश सरकारको सचिवले पाए सरहको रकम पोशाक भत्ता बापत दिइनेछ। | **१५. <u>पोसाक सुविधा</u>ः** सचिवलाई प्रदेश सरकारले प्रत्येक वर्ष प्रमुख सचिवले पाए सरहको रकम पोसाक भत्ता बापत उपलब्ध गराउनेछ। | अन्य प्रदेशका प्रदेश सभा सचिवलाई दिइएको पोसाक सुविधा बमोजिम एकरूपता कायम गर्न। |
| ५ | अनुसूची-१ | अनुसूची -१<br>(दफा २६ सँग सम्बन्धित)<br>**<u>शपथ</u>**<br>म ... ... ... ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश सभाको सचिव पदको कामकाज प्रचलित कानूनको अधनीनमा रही कसैको डर नमानी, पक्षपात तथा मोलाहिजा नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीकासाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु | अनुसूची -१<br>(दफा २६ सँग सम्बन्धित)<br>**<u>शपथ</u>**<br>म ... ... ... ... ... नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि सुदूरपश्चिम प्रदेश सभाको सचिव पदको जिम्मेवारी प्रचलित कानुनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीका साथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना | शपथको ढाँचा शपथ सम्बन्धी ऐन, २०७९ बमोजिम परिमार्जन गर्न आवश्यक भएको हुँदा |

| | | | | |
|---|---|---|---|---|
| | | पर्ने कुरा म पदमा बहाल रहदाँ वा नरहदाँ जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।<br>मितिः<br><br>...........<br>हस्ताक्षरः<br>ठेगानाः | गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।<br>...........<br>हस्ताक्षरः<br>नाम, थरः<br>पदः<br>द्रष्टव्यः शपथको ढाँचामा रहेको "प्रतिज्ञा गर्दैं" भन्ने शब्दपछि रहेका "ईश्वरको" वा "देश र जनताको" भन्ने शब्दमध्ये शपथमा कुन शब्द प्रयोग गर्ने हो, शपथ ग्रहण गर्नु अघि शपथ गराउने पदाधिकारीलाई जानकारी दिनु पर्नेछ। | |

## **सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **मूल ऐनको दफा ७ मा संशोधनः** सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्थापन सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानुनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(ढ) प्रदेश सभा सञ्चालन सम्बन्धी कार्य गर्ने,

(ण) प्रदेश सभा सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(त) प्रदेश सभाका कर्मचारीको प्रचलित कानुन बमोजिम नियुक्ति, अवकाश र सजाय तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(थ) प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समितिसमक्ष पेस गर्ने, गराउने,

(द) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने, गराउने,

(ध) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(न) सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्य, सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गर्ने, गराउने,

(ऩ) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने, गराउने,

(प) सचिवालय र अन्य निकायबिच समन्वय कायम गर्ने, गराउने,

(फ) प्रदेश सभा र सचिवालयको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने, गराउने,

(ब) प्रदेश सभा र प्रदेश सभाका समितिको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने,

(भ) गैर सरकारी विधेयक सम्बन्धमा अध्ययन अनुसन्धान गरी मस्यौदा तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(म) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

३. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u>**ः (१) मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सचिवको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह हुनेछ।"

(२) मूल ऐनको दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

"**११क. <u>एउटा सुविधा मात्र पाउने</u>ः** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(च) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(ज) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।"

४. **<u>मूल ऐनको दफा १४ संशोधन</u>**ः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"**१४. <u>दैनिक तथा भ्रमण भत्ता</u>**ः प्रदेश सभा र सचिवालयको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ।"

५. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**ः मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"**१५. <u>पोसाक सुविधा</u>**ः सचिवलाई प्रदेश सरकारले प्रत्येक वर्ष प्रमुख सचिवले पाए सरहको रकम पोसाक भत्ता बापत उपलब्ध गराउनेछ।"

६. **<u>अनुसूचीमा संशोधनः</u>** अनुसूची-१ को सट्टा देहालयको अनुसूची-१ राखिएको छः-

## अनुसूची -१

(दफा २६ सँग सम्बन्धित)

### <u>शपथ</u>

म ... ... ... ... ... नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि सुदूरपश्चिम  प्रदेश सभाको सचिव पदको जिम्मेवारी प्रचलित कानुनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीका साथ वहन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

हस्ताक्षरः

नाम, थरः

पदः

मितिः

<u>द्रष्टव्यः</u> शपथको ढाँचामा रहेको "प्रतिज्ञा गर्दै" भन्ने शब्दपछि रहेका "ईश्वरको" वा "देश र जनताको" भन्ने शब्दमध्ये शपथमा कुन शब्द प्रयोग गर्ने हो, शपथ ग्रहण गर्नु अघि शपथ गराउने पदाधिकारीलाई जानकारी दिनु पर्नेछ ।